# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:30.07.2024**

***Newly Appointed Governor***

राज्यका नवनियुक्त राज्यपाल श्री ओम प्रकाश माथुर आज गान्तोक आइपुग्नुभयो । बुर्तुक हेलीप्याडमा उहाँलाई मुख्यसचिव श्री विजय भूषण पाठक, पुलिस महानिदेशक श्री ए. के सिंह अतिरिक्त सचीव प्रोटोकल श्रीमती के.डी रेचुङ, गान्तोकका जिल्लाधीश श्री तुषार निखरे र वरिस्ठ पुलिस अधीक्षक श्री तेन्जिङ लोडेनले स्वागत गर्नुभयो । हेलीप्याडमा श्री माथुरलाई सिक्किम सशस्त्र पुलिसद्वारा गार्ड अफ अर्नर दिइयो । उहाँसित राजस्थानका वन, पर्यवरण तथा जलवायु परिवर्तन मन्त्री श्री सञ्जय शर्मा, विधायक श्री धर्मनारायण जोशी र छत्तीसगढ़का पूर्व मन्त्री श्री महेश गगटा पनि आउनुभएको छ ।

***Governor Warrants Of Appointment***

राजभवन पुगेपछि श्री माथुरलाई मुख्य सचिवले नियुक्ति वारन्ट हस्तान्तरण गर्नुभयो । यस अवसरमा पुलिस, महानिदेशक र वरिस्ठ सरकारी अधिकारीहरूको उपस्थिती थियो । नवनियुक्त राज्यपालले भोलि राजभवनमा पदको शपथ ग्रहण गर्नुहुनेछ ।

***Budget Session***

राज्य विधानसभाको बजट सत्त आउँदो महीना पाँच तारीकदेखि शुरू हुनेछ । पाँच दिने लामो अधिवेशनका बैला 2024-2025 सालका निम्ति आम बजट प्रस्तुत गर्नका साथै अन्य विधायी र वित्तीय कार्यवाही हुनेछन् ।

***Lok Sabha M.P***

सिक्किमका लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले आज नयाँ दिल्लीमा केन्द्रीय जनजाति मामिला राज्यमन्त्री श्री दुर्गादास उइकेसित भेट गर्नुभयो । भेटघाटका बेला उहाँहरूले राज्य विधानसभामा लिम्बु तामाङ समुगायका निम्ति सीट आरक्षणको व्यवस्था र बाह्र जात गोस्ठीलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्ने जस्ता थातीमा रहेका मांगहरूवारे चर्चा गर्नुभयो । श्री सुब्बाले मन्त्री सित यी मांगहरू पूरा गराउनमा मन्त्रीको व्यक्तिगत हस्तक्षेप र सहयोगका निम्ति आग्रह गर्नुभएको छ । उहाँहरूले सिक्किमका जनजातिहरूको सजीव र अदितीय सांस्कृतिक विरासतवारे पनि कुराकानी गर्नुभयो । भेटघाटकै क्रममा लोकसभा सांसदले आज केन्द्रीय माध्यमिक शिक्षा बोर्ड, सि बि एस ई का यस अवसरमा उहाँहरूले सिक्किमका पाठशालाहरूका लागि सि बि एस ई पाठ्यक्रममा उच्चतर माध्यमिक स्तरमा राई, गुरूङ, शेर्पा र तामाङ भाषाहरूले सम्वध्द गराउने विषयवारे विचारविमर्श गर्नुभयो । प्राप्त जानकारी अनुसार श्री सिंहले यस मामिलाको समाधानका निम्ति सकेसम्म प्रयास गर्ने वचन दिनुभएको छ ।

***Meeting Pc & PNDC Act***

गर्माधारण तथा प्रसव पूर्व ऐनको कार्यान्वयन सम्वन्धमा राज्य परामर्श बैठक गान्तोकको टाशिलिङ सचिवालयमा आज बस्यो । यसमा स्वास्थ्य सेवा तथा प्रजनन बाल स्वास्थ्य हेरजान्ह निदेशक डा. अनिता भुटियाले गर्मधारण पूर्व प्रसव पूर्व ऐनकोकार्यान्वयनमाथइ स्थिती रिपोर्ट र यसका प्रावधानहरूवारे स्थिती रिपोर्ट र यसका प्रावधानहरूवारे अवगत गराउनुभयो । पछि आफ्नो वक्तव्यमा स्वास्थ्य तथआ परिवार कल्याण विभागका सचिव श्री एम भरनी कुमारले सार्वजनिक सेवा केन्द्रहरूमा गर्मपातको चिकित्साकीय प्रवन्धन एम एम ए उपकरणहरूको उपलब्धतावारे ध्यान दिनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो । उहाँले सबैलाई सुरक्षित गर्मपात सेवा उपलब्ध रहेको सुनिश्चित गर्न सुदृढ़ चिकित्सा तन्त्रको महत्ववारे प्रकाश पार्नुभयो । स्वास्थ्य सचिवले अधिकारीहरूसित गान्तोकका अन्ट्रासाउण्ड क्लिनिकहरूको तीन तीन महीना निरीक्षण गर्न आग्रह गर्नुभएको छ। श्री भरनी कुमारले शैक्षिक संस्थानहरूमा किशोर स्वास्थ्य सम्वन्धी मामिलाहरूवारे जागरूकता ल्याउन आवश्यक रहेको कुरो बताउनुभयो । बैठकमा अन्य वाहेक स्वास्थ्य सेवाका प्रधान निदेशक डा. डी सी शर्मा र स्वास्थ्य प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिती थियो ।

***Independence Day Prog. Soreng***

सोरेङ जिल्लामा यसपालि स्वतन्त्रता दिवस धूमधामले मनाइनेभएको छ । अठात्ररी स्वरधीनता दिवस समारोह जौटार स्टेडियममा आजदेखि आरम्भ भएको छ । उद्घाटन कार्यक्रममा भवन तथा आवास विभागका मन्त्री श्री भीमहाङ सुब्बा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। जिल्ला प्रशासन र सिङलिङ स्पोर्टिङ क्लबको संयुक्त तत्वावधानमा आजदेखि शुरू भएको खुल्ला आमन्त्रण फुटबल टुर्नामेण्ट अन्तर्गत आजको म्याचमा मानेभञ्ज्याङ दार्जीलिङले आक्रमण फुटबल क्लब सिक्किमलाई एक गोलले हराएर प्रीक्वाटरफाइनलमा आफ्नो स्थान पक्का गरेको छ। टुर्नामेण्टमा राज्य लगायत दार्जीलिङ कालेबुङ र खर्साङका गरी सोह्रवटा चर्चित टीमहरूले भाग लिइरहेछन् ।

---

***Freedom Run***

नशामुक्त भारत अभियान अन्तर्गत जिल्ला प्रशासनिक केन्द्र नाम्चीले, फ्रिडम रन मा भाग लिन सबैलाई आमन्त्रण गरेको छ । यो दौड़ आउँदो महीना तीन तारीकका दिन किसान मार्केट नाम्चीमा विहान आठ बजी शुरू हुनेछ । खुल्ला वर्गका लागि किसान मार्केटवाट दस किलोमिटरको दौड़ आरम्भ भएर हेलिप्याडसम्म पुगी फेरि फर्किनुपर्नेछ । पाठशाला वर्गका लागि किसान मार्केटदेखि चारधाम सम्म फर्किएर किसान मार्केटटगरी छ किलोमिटर दौडिनु पर्नेछ । दुवैवर्गमा शीर्ष तीन धावकहरूलाई पदक सहित नगद राशइ प्रदान गरिनेछ भने शीर्ष दसजनालाई पदक दिइनेछ । स्वस्थ र सक्रिय जीवनशैलीको समर्थनमा नशामुक्त नाम्ची र नशामुक्त सिक्किमका लागि प्रोत्साहित गर्ने उद्देश्यले दौड़को आयोजना गरिएको हो ।